# भोटेकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं. : ०१-६२०१८१७
ईमेल : ito.bhotekoshimun@gmail.com
वेवसाइट : www.bhotekoshinum.gov.np

पत्र संख्या: २०७७।०७८
चलनी नं. : २३८२

मिति : २०७८।०१।१४

**आवेदन पेश गर्ने सम्बन्धी ।**

दोश्रो पटक सुचना प्रकाशित मिति : २०७८।०१।१४

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अर्न्तगत भोटेकोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको आ.व. २०७७।०७८ को पत्र संख्या च.नं.२२२५ मिति २०७७।१२।२६ को सूचना अनुसार १ मात्र प्रस्ताव ग्लोरियस एग्रो प्रा.लि को मात्र निवेदन आएको र उक्त प्रा.लि को जग्गा करारनामा भएको कागजातहरु रितपूर्वक नआएको हुदाँ यस गाउँ कार्यपालिकाको कार्यालयमा मिति २०७८।०१।१३ बसेको प्राविधिक समितिको बैठकबाट पनः सूचना जारी गर्ने निर्णयानुसार तपशिल बमोजिमको स्वीकृत कार्यक्रम संचालन गर्न इच्छुक यस पालिका क्षेत्र भित्रका कृषि समुह, सहकारी, कृषि फर्म वा कम्पनीहरु, जल, बन उपभोक्ता समितिले आवश्यक कागजात सहित यो सूचना पुनः प्रकाशित भएको ७ (सात) दिन २०७८।०१।२१ भित्रमा यस कार्यालयमा तोकिएको ढाँचामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

| क.स | कार्यक्रम शिर्षक | संचालन हुने कार्यक्रमहरु | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १. | राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली बस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र( पकेट) विकास कार्यक्रम संचालन । | १. खाद्यन्न बाली(धान, मकै, कोदो, गहुँ, फापर)पकेट विकास कार्यक्रम<br>२. नगदेबाली,फलफूल<br>३. रेन्बो ट्राउट माछा<br>४. पशुपालन,(बाखा)<br>५. आलु र तरकारी बाली<br>६. मौरी | १. खाद्यन्न बालीको लागि २०० रोपनी ।<br>२. नगदे बालीको लागि १०० रोपनी ।<br>३. रेन्बो ट्राउट माछा बालीको लागि १००० वर्गमिटर ।<br>४. पशुपालनमा (बाखा पालनको लागि ६०० संख्या)<br>५. तरकारी तथा आलु बालीको लागि १०० रोपनी ।<br>६. २०० सय घार | |
| | | | | |

निवेदन साथ संकलन गर्नुपर्ने कागजातहरु :

- कृषि फर्म, कृषक समूह, कृषि सहकारी, कृषि कम्पनी, जल, वन उपभोक्ता समिति नियमानुसार दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- अनुसुचि ६ अनुसारको निवेदन तथा अनुसुचि ७ अनुसारको विवरण ।
- सहकारीको हकमा गत आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
- कार्यसमितिको निणर्यको प्रतिलिपि ।
- सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
- लिज जग्गाको हकमा १०-१५ वर्षको वडाको रोहवरमा सम्झौता भएको प्रतिलिपि ।

२०७८।०१।१४.